# काभ्रेपलान्चोक जिल्ला पाँचखाल नगरपालिका वडा नं ६ निवासी **अजित मिजार**को धादिङ्ग जिल्लाको कुम्पुर गा.वि.स. वडा नं ३ स्थित परेवाटारमा झुण्डिएको भनिएको लाश भेटिएको घटनाको सम्बन्धमा गरिएको स्थलगत भ्रमण प्रतिवेदन

श्रावण, २०७३






**प्रतिवेदक**

दलित नागरिक समाजको तर्फबाट

**अधिवक्ता प्रकाश नेपाली, समता फाउन्डेशन**

**गोपाल नेपाली, समता फाउन्डेशन**

**शिवहरि ज्ञवाली, जागरण मिडिया सेन्टर**

**गीता अर्याल, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ**

**मैया रोकाया, दलित महिला संघ**


**मितिः २०७३ साल श्रावण ६, ७ र ८ गते**

विषयसूची

पेज नं.


१. विषय प्रवेश... १
२. स्थलगत अध्ययनको उद्देश्य २
३ अध्ययन टोलीका सदस्यहरू २
४. तथ्य सङकलन विधि २
५. घटनासँग सम्बन्धित सरोकारवालाहरूको भनाइ २
५(क) धादिङ जिल्लाका सरोकारवालाहरूसँग गरिएको छलफलमा उनीहरूको भनाइ २
५.१ इलाका प्रहरी कार्यालय गजुरीको भनाइ २
५.२. धादिङ्ग स्थित सरकारी अस्पतालका डाक्टरहरूको भनाइ ३
५.३. धादिङ स्थित दलित अधिकारकर्मी तथा प्रत्यक्षदर्शीहरूको भनाइ ४
५.४. काभ्रेपलाञ्चोक स्थित सरोकारवालाहरूको भनाइ ५
५.५. केटी पक्षका अभिभावकको भनाइ ५
५.६. केटा पक्षका अभिभावकको भनाइ ६
५.७. काभ्रेपलाञ्चोक स्थित दलित अधिकारकर्मी तथा प्रत्यक्षदर्शीहरूको भनाइ ८
६. घटना हुनुभन्दा अगाडी र घटना पश्चात विभिन्न व्यक्तीहरुले प्रयोग गरेका फोन नंम्वरको को विवरण ९
७. घटनाको विस्तृत विवरण ११
८. स्थलगत भ्रमणका क्रममा भेटिएका तथ्यहरू १३
९. घटनासँग आकर्षित कानूनहरू १४
१०. निष्कर्ष १६
११.सुझाव १६

**अनुसूचीहरू** १८
(क) मिति २०७३ साल श्रावण ३ गते नागरीक दैनिकमा घटनाका विषयमा प्रकासित समाचार
(ख) मिति २०७३ साल श्रावण ४ गते नागरीक दैनिकमा घटनाका विषयमा प्रकासित समाचार
(ग) मिति २०७३ साल श्रावण ५ गते नागरीक दैनिकमा घटनाका विषयमा प्रकासित समाचार
(घ) मिति २०७३ साल श्रावण ४ गते गोरखापत्र दैनिकमा घटनाका विषयमा प्रकासित समाचार
(ङ) मिति २०७३ साल श्रावण ६ गते नयां पत्रिका दैनिकमा घटनाका विषयमा प्रकासित समाचार
(च) मिति २०७३ साल श्रावण ३ गते आर.डी.एन. का अध्यक्ष गणेश वि.केबाट जारी गरिएको प्रेस विज्ञप्ति
(छ) मिति २०७३ साल श्रावण ४ गते जागरण मिडिया सेन्टरबाट जारी गरिएको प्रेस विज्ञप्ति
(ज) मिति २०७३ साल श्रावण ६ गते एसियाली मानवअधिकार आयोग, हङकङबाट जारी गरिएको प्रेस विज्ञप्ति (झ) घटनासँग सम्बन्धित फोटोहरू

## १. घटनाको पृष्ठभूमि :

काभ्रेपलान्चोक जिल्ला पाँचखाल नगरपालिका वडा नं ६ निवासी हरिभक्त (ढकाल)मिजार को छोरा बर्ष १८ को अजित (ढकाल) मिजार र ऐजन जिल्ला ज्याम्दी गा.वि.स. वडा नं ८ निवासी वर्ष ३९ को ध्रुव पराजुली भनि चिनिने भोज वहादुर पराजुली की छोरी बर्ष १८ की कल्पना पराजुलीका बिच विगत दुई वर्षदेखि प्रेम सम्बन्ध रहेको कुरा मृतकका साथीको भनाई अनुसार पाईयो ।

काभ्रेपलान्चोक जिल्ला पाँचखाल नगरपालिका वडा नं. २ स्थित सर्वमङला उच्च माध्यमिक विद्यालयमा कक्षा ११ को अध्ययनको तयारीमा दुवैजना रहेकामा पराजुलीले अजित (ढकाल) मिजारलाई २ हप्ताभित्र विवाह गर्न दबाव दिएपछि दुवै पक्षको सहमतिमा मिति २०७३ साल आषाढ २५ गतेका दिन अन्तरजातीय प्रेम विवाह गरेको कुरा मृतकका घरपरिवार तथा साथीहरुबाट थाहा भयो विवाह पश्चात् गाउँ समाजका डरले उनीहरू भागेर भक्तपुरस्थित केटाको दिदी सम्झना पुर्कोटीको घरमा आएर लुकेर बसेका थिए ।

मिति २०७३ आषाढ २७ गतेका दिन केटी पक्षका बाबुसहित आफन्तजनहरू इलाका प्रहरी चौकी पाँचखालमा गएका थिए । उक्त प्रहरी कार्यलयमा उपस्थित भएपछि प्रहरीको रोहवरमा दुवै पक्षका आफन्तबीच छलफल हुँदा विवाहित दम्पत्तिको उमेर कानुनी रूपमा अयोग्य भएको भन्दै तत्काल कानून अनुसारको वैधानिक विवाह नहुने कारण देखाउदै केटा र केटीलाई आ–आफ्ना अविभावकले जिम्मा लिने गरी सहमती गराइएको थियो ।

प्रहरी चौकीबाट विवाहित जोडीलाई छुट्याइसकेपछि केटा पक्षले केटालाई आफ्नो घरमा लिएर आएको र केटीलाई केटी पक्षका आफन्तहरूले काठमाण्डौ जिल्ला चावहिल स्थित केटीको फुपु गोमा सापकोटाको घरमा जवर्जस्ती लिएर गएका थिए । तत्पश्चात पनि केटी पक्षका मानिसहरूले विशेषगरी केटीकी दिदी सम्झना पराजुली कार्कीले “प्रहरी चौकीको डिलमुनि बसेर भनेकी छु । तँलाई तीन दिनभित्र जहाँ गएपनि बाँकी नछोड्ने” भन्दै केटालगायत उसका अविभावकलाई समेत ज्यान मार्ने सम्मको धाक धम्की दिँदै आएका थिए ।

सो घटनाका सम्वन्धमा मिति २०७३ श्रावण ४ गतेक संयुक्त राजनीतिक दलित संघर्ष समितिको आयोजनामा राष्ट्रिय दलित आयोगको कार्यालय, राष्ट्रिय दलित आयोग, दलित नागरिक समाज समेतको संयुक्त रुपमो बैठक बसेको थियो । उक्त बैठकको निर्णयअनुसार संयुक्त राजनीतिक दलित संघर्ष समितिले राज्यलाई दवाव दिनका लागि विभिन्न संघर्षका कार्यक्रम गर्ने, राष्ट्रिय दलित आयोगले भएका कानूनी प्रक्रियाको विषयमा अध्ययन गर्ने तथा घटनाका सम्वन्धमा अनुसन्धान गर्ने र दलित नागरिक समाजका तर्फबाट घटनाको सत्य तथ्य पत्ता लगाई प्रतिवेदन सार्वजनिक गर्ने निर्णय भएकाले सो अनुसार दलित नागरिक समाजका तर्फबाट समता फाउन्डेशनका अधिवक्ता प्रकाश नेपालीको संयोजकत्वमा समता फाउन्डेशनका गोपाल नेपाली, जागरण मिडिया सेन्टरका शिवहरि ज्ञवाली, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका गीता अर्याल, दलित महिला संघका मैया रोकाया सहीतको ५ सदस्यीय टोलीले मिति २०७३ श्रावण ६, ७ र ८ गते काभ्रेपलान्चोक जिल्लास्थित केटा पक्ष र केटी पक्षको घर र धादिङ्ग जिल्ला स्थित

घटनास्थल लगायतका स्थानमा स्थलगत भ्रमण गरी सरोकारवाला निकाय, स्थानीय बासिन्दा सँग छलफल तथा स्थलगत अवलोकनका आधारमा यो प्रतिवेदन तयार पारिएको हो ।

## २. स्थलगत अध्ययनको उद्देश्य :

- घटना सम्बन्धमा सत्यतथ्य पत्ता लगाई प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने ।
- अपराधिलाई हदैसम्मको कानुनी कारबाही र पीडितलाई न्यायको लागि सम्बन्धित निकायमा पहल एवं शिफारिस गर्ने ।
- घटनाका विषयमा सरोकारवालाको ध्यानाकर्षण गर्ने ।
- यस प्रकारका घटनाहरु समाजमा नदोहोरिनको लागि राज्यको ध्यानाकर्षण गर्ने ।

## ३ अध्ययन टोलीका सदस्यहरू

| | |
|---|---|
| • अधिवक्ता प्रकाश नेपाली | समता फाउन्डेसन |
| • गोपाल नेपाली | समता फाउन्डेसन |
| • शिवहरि ज्ञवाली | जागरण मिडिया सेन्टर |
| • गिता अर्याल | नेपाल राष्ट्रिय दलित समाजकल्याण सङ्घ |
| • मैया रोकाया | दलित महिला संघ |

## ४. तथ्य सङकलन विधि

- घटनास्थलको अध्ययन तथा अवलोकन
- मृतकका परिवार तथा आफन्तहरूसँगग भेटघाट तथा छलफल
- घटनाका सम्बन्धमा प्रकाशित सामाचार तथा अन्य सामाग्रीहरूको अध्ययन
- घटनामा प्रत्यक्ष पीडित व्यक्तिहरू, प्रत्यक्षदर्शीहरू र स्थानीय गैरदलित समुदायका व्यक्तिहरूसँग भेटघाट तथा कुराकानी
- स्थानीय प्रशासन, प्रहरी प्रशासन, दलित नागरीक समाज, सञ्चारकर्मी तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँग छलफल
- अन्तर्जातिय विवाह गरेकी कल्पना पराजुलीका अविभावकसँग भेटघाट/छलफल

## ५. घटनासँग सम्बन्धित सरोकारवालाहरूको भनाइ :

(क) धादिङ जिल्लाका सरोकारवालाहरूसँग गरिएको छलफलमा उनीहरूको भनाइः

### १. इलाका प्रहरी कार्यालय गजुरीको भनाइः

**प्रकाश जगेवु (लिम्वु), प्रहरी निरिक्षक, इलाका प्रहरी कार्यालय, गजुरीः** "सहायक सिडियो सापको अध्यक्षतामा उच्चस्तरीय छानविन समिति बनिसकेको र भर्खर आजका दिनमा आएर म लगायत सबैसँग विस्तृत जानकारी लिनुभएको छ । मैले पनि घटनास्थलमा पहिलो पटक देख्ने ईन्द्र कुमारी उपाध्याय (मीठी दिदी) र माया माझी तथा वरिपरिका सर्वसाधरणलाई सोधपुछ गरी के छ ?

कस्तो छ ? तपाईलाई के लाग्छ ? भनेर दिनमा तिन चार पटक पुग्ने गर्दछु । प्रहरीले गर्नुपर्ने अनुसन्धान प्रभावकारी रूपमा गरीरहेको छ । प्रहरीले गरेन भनेर भन्नुको अर्थ छैन ।"

**प्रेमबहादुर भण्डारी, प्रहरी जवान, इलाका प्रहरी कार्यालय गजुरी**ः "शुरुमा घटनास्थलमा पुग्नेदेखि मृतकका परिवारलाई गाईड गरी यहाँसम्म ल्याउन सहयोग गरेको हुँ । परिवारका सदस्यको नाम थाहा नभएको, पछि सोधपुछ गरी सबै कुरा यथार्थ बताई आवश्यक कागजपत्र समेत तयार पार्न सहयोग गरेको हुँ । घटनाको प्रकृति हेर्दा आत्महत्या हो कि कर्तव्य हो मैले छुट्याउन सकिन । उक्त कुरा पछि अनुसन्धानबाट थाहा होला । घटना स्थलमा झुण्डिएको डोरी त्रिपालको छ र कसिलो नभएको कुरा सबैलाई थाहा छ । मर्नुपर्ने अवस्था हो कि मर्न सक्ने कसैले बनायो कि कसैले मार्‍यो विस्तृत अनुसन्धान नै त्यही विषयमा गर्नुपर्ने छ । स्रोत साधनको अभाव छ, स्पष्ट हुन समय लाग्छ ।"

**दिपेन्द्र पंजियार थारु, प्रहरी उपरिक्षक (डीएसपी), धादिङ्ग, तथा उच्चस्तरीय छानविन समितिको सदस्यः**

"ज्ञान, बुद्धि, विवेक, सिप, स्रोत र प्रविधिले भ्याएसम्म नेपाल प्रहरी यो घटनाको तथ्य पत्ता लगाउन पछि पर्दैन । उच्चस्तरीय छानविन समितिले राम्रो काम गरेर आफ्नो सक्षमता देखाउनेछ । २ दिन देखि शनिवार समेत नभनी हत्या वा मृत्यू के भएको हो पत्ता लगाउन पुरै अनुसन्धानमा लागिरहेका छौं । वियरका बोत्तलहरू सम्वन्धमा अनुसन्धान पश्चात अहिले हाम्रो धारणामा परिवर्तन भएको छ । घटनाका सन्दर्भमा तपाईहरू चुप लाग्नुस वा नलाग्नुस हामी चुप लागेर बस्नेवाला छैनौ, किनकि हामी त्यसैका लागि यो कुर्चीमा बसेको हो । किटानी जाहेरीका सन्दर्भमा प्रमाण नभई जुनसुकै मुद्दा पनि दर्ता गर्दा ५ प्रतिशत केसमा सफलता प्राप्त गरेको पाईएको छ । प्रमाण जम्मा गराउन जुटिरहेका छौ । काभ्रेको पाँचखालको सई सपसँग सम्पर्क भईरहेको र आवश्यक सूचना आदान-प्रदान भैरहेको छ । पोष्टमार्टम कसरी गर्ने के गर्ने चिर्न मिल्ने नमिल्ने हाम्रो क्षेत्राधिकार भित्र पर्दैन लास र पत्र समयमा अस्पताललाई पठाउने मात्र हाम्रो भूमिका भित्र पर्दछ । एक सिपाही पनि सिङगों प्रहरी प्रशासनसँग जोडिने भएकाले अनुसन्धानमा प्रहरीहरू समेत पर्न सक्छन् । वेवारिसे लास यती दिनसम्म राख्ने भन्ने कानून छैन । लास सड्न थालेपछि स्थानीय वासिन्दाको निवेदनमा सम्वन्धित गाविसलाई बुझाउने काम प्रहरीले गर्दछ । वेवारिसे लासको सूचना सम्पूर्ण जिल्लामा हुलिया परिपत्र गरेका छौ ।"

**२. धादिङ्ग गजुरी प्राथमिक स्वास्थ्य केन्दका स्वास्थ्यकर्मीहरुको भनाइ**

**अहेव, गजुरी प्राथमिक स्वास्थ्य केन्द्र, धादिङ, गजुरी::** "डा. अमृता श्रेष्ठले पोष्टमार्टम गर्नु भएको हो । चार जना डाक्टरमा एक जना तालिममा हुनुहुन्थ्यो, दुई जना ओपिडिमा हुनुहुन्थ्यो र एक जनाले पोष्टमार्टम गर्नु भएको हो । म पनि ओपिडिमा व्यस्त थिए । पोष्टमार्टमको रिपोर्टका बारेमा मलाई केही थाहा छैन्, उहाँहरू सबै आफै गर्नुहुन्छ । मैले सुनेको कुरा झुण्डिएर मृत्यु भएको भन्ने सुनेको हुँ । अरु धेरै कुरा हामी कसैलाई थाहा छैन " ।

**डा. शिला सुनार, गजुरी प्राथमिक स्वास्थ्य केन्द्र, धादिङः** "मेरो नाम डाक्टर शिला, पढाई सकेर भर्खर मात्र यहाँ आएको । अफिसमा मै थियौ तर ओपोडिमा थियौं । हामीले लासलाई पनि देखेनौं, आषाढ ३० गते बिहान लास आइपुगेको थियो । हामीले प्रहरीको रिपोर्ट नआइकन पोष्टमार्टम गर्न

मिल्दैन् । अमृता दिदीले त्यही साँझ पोष्टमार्टम गर्नु भएको हो । त्यसपछि लास वेवारिसे भनेर प्रहरीले लिन मानेन । अर्को दिन देखि गन्हाउन थाल्यो । लास अत्याधिक गन्हाउन थालेपछि यहाँकै स्थानीयबासीले दिएको निवेदनका आधारमा हस्ताक्षर सङ्कलन गरेर लास उठाइएको हो । २०७३, साउन १ मा लास यहाँबाट पठाईएकोहो ।  यहाँ पोष्टमार्टम गर्ने ठाँउ एकदमै सानो छ । फ्रिजबक्स पनि छैन । एक दिनमै लास त्यसरी गन्हाउनु नपर्ने हो । तर लास डिकम्पोज (सडेको) भएको हुनसक्छ । त्यसमा क्लाइमेटले पनि प्रभाव पार्छ । हामीले त पुलिसलाई नै भन्ने हो त्यसपछि उहाँहरू आएर उठाउनु भएको हो ।"

**३. धादिङस्थित दलित अधिकारकर्मी तथा प्रत्यक्षदर्शीहरूको भनाईः**

श्याम मगराती, दलित अधिकारकर्मी, धादिङ : "म यो घटनाको लासउत्खनन प्रक्रियाको प्रत्यक्षदर्शी हुँ,। यो घटना सत प्रतिशत हत्या नै हो, यो आत्महत्या होइन् । किनभने अन्तरजातीय विहेकै कारण अजित भाईको हत्या भएको हो । अर्को कुरा सहायक सिडियोको संयोजकत्वमा "घटना छानबिन समिति" गठन गरिएको छ, यसमा हामीसन्तुष्ट छैनौ । उहाँहरूलाई बेबारिसे लास किन उठ्उन लाग्नु भयो भन्दा उहाँहरूले हामीले सबै प्रक्रिया पुरा गरीसकेको भन्नु भयो । हामीलाई कागज दिनु न भन्दा मिल्दैन भन्नु भयो । पोष्टमार्टमको रिपोर्ट देखाउनु भन्दा पनि देखाउनु भएन । हामी फेरी पोष्टमार्टम गर्छौ भन्दा पोष्टमार्टम गर्न मिल्दैन् भनेर डिएसपीले भन्नु भएको छ ।  सुसाइट गर्ने भए त काभ्रेमै गर्थ्यो यहाँ आएर किन सुसाइट गर्थ्यो ? केटापक्षलाई गुन्डालाई प्रयोग गरेर कहिले म प्रहरी हुँ, कहिले म वकिल हु तैले किन बाहुनको छोरी विहे गरीस् ? भनेर धम्की लगाइएको छ । गुन्डालाई पैसा दिएर गाडीमा हालेर मारेर त्यहाँ झुन्डाईएको छ । घटनास्थल वरपर वियर, एउटा भोट्का, अर्को स्प्रारइटको बोतल र कुरकुरेको खाली प्याकेट राखेको छ । त्यो नाटकीय ढङगबाट मदिरा सेवन गरेर मरेको हो भन्नका लागि बनाइएको हो ।"

**एत्तबहादुर सुनार, संयोजक, दलित सङघर्ष समिति, धादिङः** घटना  योजनाबद्ध तरिकाले गरेका छन् । । पोष्टमार्टमका लागि जिल्ला अस्पताल यति  नजिक हुदाहुदैपनि  गजुरीमा किन लगियो ? घटना एकदमै शंकासपद छ। डि.एस.पी.कोमा हामी जाँदा उहाँले पनि सुसाइड नै हो भन्नुभयो । प्रहरीले अध्ययन नै नगरी सुसाइड भन्न मिल्छ ?"

**रामबहादुर बसेल, दलित अगुवा, धादिङः** "दलित यसै पनि दलिएको छ । दलित अगाडि बढ्नका लागि धादिङ्गमा कुरा उठाएका छौं । आन्दोलनलाई अगाडि बढाउनका लागि तपाईहरूले पनि गहिरेर लाग्नु हुन्छ र केन्द्रबाट सहायता गर्नु हुन्छ भने हामी धादिङका अगुवाहरू जम्मा भएर नाकाबन्दी गर्न पनि तयार छौं । यो मुद्दालाई अगाडि बढाउनका लागि लाग्छौं । एक्लैले केही गर्न सकिदैन् । यस्ता विभेदका घट्ना  त धादिङ्गमा धेरै भएका छन्  । दलित माथि यसरी दमन गर्नु भनेको सामान्तवादकै निरन्तरता हो ।"

**गणेश बराइली, समाजसेवी, धादिङः** "पत्रिकामा पढेअनुसार यो घट्नामा राज्य शक्ति नै लागेर हत्या गरेको जस्तो लाग्छ मलाई, यो प्रमाणित गर्न पनि निकै गाह्रो छ । दलितहरूलाई कागजमा सबै अधिकार दिने तर यसरी अन्तरजातीय विवाह गरेकै कारण काभ्रेको मान्छेलाई धादिङमा ल्याएर मारिदिने ॥ दलितहरूको मनोबल गिराउनका लागि यस्तो गरिएको हो । पोष्टमार्टम आफ्नो

तरिकाले छुट्टै गराईयो भने सही कुरा आउछ की भन्ने मलाई लाग्छ । यताको रिपोर्टले त केही होला जस्तो लाग्दैन हामीलाई । यो केश हेर्दा आत्महत्या हुन सक्दैन, यो हत्या नै हो ।"

**कुमार विश्वकर्मा, दलित अगुवा, धादिङः** "यो घट्नाक्रम हेर्दा राज्यको प्रमुख अङ्ग प्रहरी प्रशासनको मिलेमतोमा, अर्को मान्छेलाई प्रयोग गरेको हो कि भन्ने लाग्छ । किन भने यसरी प्रहरीले लास भेटेपछि परिवारको जिम्मा लगाउनुभन्दा, पोष्टमार्टम नै नगरी उनीहरूले गाड्नु भनेको गैर जिम्मेवार काम हो । यसमा धेरै कुराहरू शंकास्पद नै छन् । काभ्रेमा के हल्ला भइरहेको छ भने "केटीबाट छुटाएपछि केटाले केही लेखेर म धादिङमा गएर आत्महत्या गर्छु भनेर मरेको हो" भन्ने सुनिएको छ । अर्को कुरो एक जना प्रहरी जवान काभ्रेबाट सरुवा भएको कुरा आएको छ । तर, उहाँ कुन ठाँउमा सरुवा हुनुभयो भन्ने थाहा छैन् । यसले पनि यो देखाउछ कि राज्यशक्ति नै लागेर हत्या भएको देखिन्छ ।"

**कुम्पुर, परेवाटार स्थित एक व्यक्ति, धादिङः** "पहिले देख्ने भनेको मिठी दिदीले नै हो ॥ बजारको मान्छे कोही हो कि भनेर सबै गएका थिए । त्यति टाढाको मान्छे यहाँ आएर झुन्डिएको होइन् जस्तो लाग्छ, मारेका मान्छेले पनि बुद्धि पुऱ्याएन् । त्रिशुलीमा हालेको भए पनि बेपत्ता हुन्थ्यो । बिहान मेरो छोरा मलेखुमा आउदा खेरी त्यहाँ झुन्डिएको भनेर फोटो खिचेर ल्याएको थियो । कसैले पनि नचिनेको भएर समस्या भएको हो । मैले सुने अनुसार झुन्डिएको थियो तर खुट्टा ले भूँई छाएको थियो । उभियो भने उसको टाउकाले प्रतिक्षालयको माथि सजिलै छुन्छ ।"

**होटल सञ्चालिका, मलेखु बजारः** "तीन ठाँउमा हो कि एक दुई ठाँउमा गाँठो पारेको थियो । डोरी तन्किएकै थिएन । हामीले देखेको हो, मर्न लागेको अवस्थामा देखेको भए हामी बचाउँथ्यौं । आफै मरेको हो कि, कसैले मारेको हो ? हामीलाई थाहा भएन । मेरो बिचारमा अन्तैबाट मारेर ल्याएर झुन्डाइएको हो कि भन्ने जस्तो लाग्छ । बिहानको घटना हो बजारको मान्छे सप्पै गएको छ । झिंगा नै भन्केको थिएन् । त्यसपछि प्रहरीले लिएर गयो । डोरी पनि त्रिपालको थियो तन्किएकै थिएन । त्यसरी मान्छे कसरी मर्छ ?"

### ४. काभ्रेपलाञ्चोक स्थित सरोकारवालाहरूको भनाईः

**बालकृष्ण पन्थी, प्रमुख जिल्ला अधिकारी, काभ्रेपलान्चोकः "**केटाकेटी कम उमेर समूहका भएका कारण बैधानिक रूपमा विवाह गर्न त पाईदैन । त्यसैले आ–आफ्ना परिवारले केटाकेटीको जिम्मा लिएर गए । भित्रि कुरा जातीय होला बाहिरी कुरा कम उमेर समूहको भयो होला । पछि गएर गजुरीको फुर्के खोलामा गएर आत्महत्या गऱ्यो रे भन्छन् त्यो भन्दा बढी केही छैन । यसो सोच्दा हत्याको निमित्त त्यहाँ जानुपर्ने थिएन, किनभन्दा त्योभन्दा खतरनाक ठाउँ यही हाम्रो जिल्लामा ईन्द्रावती, सुनकोशी नदी छ, त्यहाँ फाल्यो भने लासै भेटिन्न सारै गाह्रो छ । पाँचखालको मान्छेलाई गजुरीमा पायक पर्ने ठाउँ पनि होइन । त्यहाँ किन गयो ? यो अनुसन्धानको विषय पऱ्यो । सरसर्ती हेर्दा विहेवारी भएकोमा छुटिएका कारणले केटो गयो होला भन्नुपऱ्यो । केटाको कोही आफन्त छ र गएको हो वा त्यतिकै अनकन्टार तिर कसैले थाहा नपाउने ठाउँ भनेर गएको हो ? त्यो कुरा त अनुसन्धान गर्नुपऱ्यो ।"

### ५. केटी पक्षका अभिभावकको भनाइ

**ध्रुव पराजुली भनेर चिनिने भोज वहादुर पराजुली , केटीका बाबु, ज्याम्दी ८, काभ्रेः** "घटनाभन्दा अगाडि केटालाई मैले देखे-भेटेको थिइन । छोरी नआए पछि बेलुका दश बजे जिल्ला प्रहरीमा छोरी बिहान नौ बजे हिँडेको र हुलिया यस्तो थियो भनी फोन गरें । एक छिनमा फोन आयो "हामी नाइट गाडी चढेर कुन्नी कहाँ हो दार्जिलिङ कि धरान पुगेको" भनेर भन्दै थिए । अर्को दिनमा छोरी हराऐको खबर पाएपछि हामी दाजुभाई जम्मा भयौं र चौकी गयौं । चौकी जाँदा स्थानीय केटाको घर नजिकैका रमेश काफ्ले थिए, माओवादीका नेता उनले "चौकीमा उजुरबाजुर नगर्नुस् बेलुका दशबजे सम्म म तपाइँको छोरी भेटाएर कुरा गराइदिन्छु" भने । साँझ दश बजे ठ्याक्कै रमेशको फोन आयो र छोरीलाई बोल्न लगाए । मैले ए छोरी तैंले यस्तो के गरेको ? भनेर भने । छोरीले फोन काटी । रमेशले सन्दुकमा लुकाएर राखेजस्तै गरेर कुरा गर्ने ? मैले तपाइँको मिलेमतो छ कि ? भनेर भने । अर्को दिन बिहान फोन गरेर आउन भने । मैले "छोरी मरी आउँदिन तपाइँहरूले जे गर्ने हो गर्नुहोस्" भने । ट्वाइलेट गएँ, धारा गएँ । फेरि चौकीबाट फोन आयो "केटाकेटी यहाँ आएका छन् तपाइँ आउनुस्" भनेर । मैले प्रहरीलाई किन समय खर्च गरी गरी आउने भो म आउँदिन भने । रमेशले फेरि फोन गरेपछि साली, भतिज, छोरी, बुहारी र म भएर गयौं । उनीहरूले छोरीलाई सम्झाउने काम गरे ।

चौकीमा मैले केटालाई तिम्रो कमाइ कति छ ? कसरी पाल्छौ ? भनेर प्रश्न गरें । केटो घोसेमुन्टो लाएर बसिरहेको थियो । आफ्नो बेइज्जत भएको छ, साथीहरूले उमेरै नभएको केटी कसरी बिहे गराउने भने ? पुलिसकै रोहरबरमा केटा पक्षले आफ्नो छोरा र केटी पक्षले आफ्नो छोरी बुझ्ने भन्ने कागज भयो । कागजमा आइन्दा केही भवितव्य भएमा कोही जिम्मेवार नहुने, उजुरबाजुर नलाग्ने भन्ने पनि लेखिएको थियो । काँग्रेस, एमाले माओवादीको पार्टी प्रतिनिधिहरू पनि थिए । छोरीले सहि गर्ने बेलामा मेरो मुखमा हेरी । मैले तँलाई जिम्मा लिन्छु भनें । छोरीलाई चौकीबाट सिधै काठमाडौं लग्यौ । छोरीले केटाले एउटा चुइगम दिएको थियो त्यसपछि मलाई वावु आमा कसैको माया ममता भएन भन्दै थिई । केटी अहिले पनि होसमा छैन । टेलिकममा रेकर्ड छ पुलिस लगाएर मार्न लगाएको भनेर पत्रपत्रिकामा आएको छ रे । मैले त्यसो गरेर मलाई के फाइदा छ ? मैले त्यस्तो केही गरेको रहेछु भने मलाई गोली हाने भइहाल्यो । नत्र मेरो यत्रो बेइज्जत गर्ने ? कुरा यहीँ हो अरू मलाई थाहा छैन । आज पनि धेरै हल्ला सुनें, मैले लामिडाँडामा मारेको रे ? गाडीको डिक्कीमा हालेर लगेको रे ? मार्ने मान्छेलाई ६० हजार दिएको रे ? यो प्रमाण दिने मान्छे चाहियो । मेरो बदनाम गर्न त भएन नि । मेरो गल्ती भए गोली हानेर मार्नु नि । मलाई प्रहरीमा लेखेको व्यहोरा थाहा छैन । प्रहरीले लेखेको विश्वास गर्नुपर्‍यो नि ? मेरो दाई सँग कुरा हुँदा विना कारण तलाई कसैले दुख दिने घरमा आएर धम्क्याउने जस्ता डर, धाक, धम्की जस्ता कुरा गरे सिधै काट्दिनु भन्या छ । । ।"

## ६. केटा पक्षका अभिभावकको भनाइ

**काली मिजार, मृतकको आमा, पाँचखाल ६, शिखरपुरः**

"सबै हामी चौकी गएका थियौं । त्यहाँ हामीले केही बोलेनौं, उसको दिदी र भाउजुले तँलाई राँडी, यसै सार्कीसँग जाने ? तैले यसलाई छोड्न सक्दिनस ? मैले कामीसँग गएर चोखिएँ । तँ सक्दिनस् ? भनेर उसको दिदीले चौकीमै भनेकी थिई । उसको बाउले पनि तैंले यसैसँग विहे गर्नु पर्ने ?

यसलाई छोड्न सक्दिनस् भनेरभन्दा केटीले म सक्दिन भन्दै थिई । उसको दिदीले मैले सात लाख लाएर भए पनि तिमीहरूलाई यो जमिनमाथि हिँड्न दिन्न भनेकी थिई । हामीले घरमा राख्दा पनि उनीहरूलाई धम्की आएकोले उनीहरूलाई चौकी लिएर गएका हौं । केटीले हामीले विहे गरीसकेका हौं भनेर सिन्दुर र पोते लगाएकी थिई, उसको दिदीले पोते चुँडालिदिइ । सिन्दुर पनि चौकी भित्रै पुछिदिई । पुलिसले केही भनेन । कागज बनाएको थियो कागजमा केटीका बाउ र अरूलाई हस्ताक्षर गर्न लगाए हामीलाई केही भनेनन् । । भोलिदेखि फोन गर्न पनि नपाइने भनेर उसको बाउले भनेको थियो । केटीले कागजमा पनि सही गर्न मानेकी थिइन । उसको दिदीले जबरजस्ती हात समाएर गराएकी हो । हामीले सबै कुरा भनेको हो “भोलि गाह्रो होला तिम्रो बाउले समस्या गर्ला, तिमी गइहाल भनेको केटीले केही हुँदैन भनेकी थिई । केटीलाई चौकीबाट छुटाएर स्वास्थ्य चौकी लगेका थिए । पछि केटीले फोन गरेर तीन दिनभित्र आउँछु भनेकी थिई । २८ गतेतिर पनि हाम्रो घर वरपर मोटरसाईकल पनि घुमाई रहेका थिए । २९ गते विहान छोरा पढ्न गएको थियो । पछि म खेतमा थिए, फोन आयो “फोनमा तिम्रो छोरा कहाँ छ ? भनेपछि मैले “पढ्न गएको छ” भने । उनीहरूले “छोरालाई दायाँबाया हिड्न नदिने, बलात्कार केशमा पर्ला सम्झाउनु” भन्यो । मैले मेरो छोराले पढ्न पनि नपाउनु ? भने । पछि मैले घरमा आएर छोरालाई भनें । को बोलेको भन्दा म केटीको दाई बोलेको भन्यो । कानुनका कुरा मात्र गरीरहेको थियो ।हामीले अजितलाई यस्तो गर्नु हुदैन् भनेर सम्झाएका थियौं । हामीले केटीको दिदीसँग माफि माग भनेपछि अजितले माफी पनि माग्यो, मलाई समस्या नहोस् भनेर भनेको थियो । त्यसै दिन दिउँसो केटीले मलाई फेरी फोन गरेर अजित खै ? तैंले छोराको विहे गरीस् रे हो ? भनेर भन्दा मैले होइन्, भोलि पर्सी विदेश जाने कुरा गरीरहेको छ भनेर भनेकी थिएँ । यो सबै नाटक गराएका थिए उनीहरूले । तपाईहरूले पनि सहयोग गर्नु पर्‍यो । ऊ बाहुनकी छोरी । मेरो छोरा सार्की भएकाले मेरो छोरी चोखिन्छ भनेर मेरो छोरालाई यसो गरेको हुनुपर्छ । मेरो छोरा त गयो गयो अब भोलि अरू दलित कसैको यस्तो नहोस् । यसलाई कारवाही गर्नुपर्छ । अहिले मेरो १८ वर्षको छोराको ज्यान लियो भोलि कसैको १५ वर्षको छोराको ज्यान लेला ? मेरो छोरा कहिल्यै फर्केर आउने छैन । केटीकी दिदिले त्यति बेलै गुन्डा लाउछु भनेकी हो, मैले केटीलाई तिमी के गर्छौ नानी, भोलि तिम्रो बाउले लैजाला, मेरो छोराको बिच्चली होला भन्दा यस्तो केही हुदैन् भन्थे । तिम्रो बाउले के गर्छ भन्दा “मेरो बाउ त दुई नम्बरी धन्दा गर्छ” पनि भनेकी थिई त्यसैकी छोरीले ।”

**दीपेन्द्र मिजार, मृतकका दाजु: “**२९ गते विहान् ८ बजेर ४१, ४२ र ९ बजेर १ मिनेटमा केटीकी दिदी सम्झना पराजुली कार्कीले ९८०८९७२७२६ बाट भाइ अजित सुनारको फोनमा फोन गरेकी थिइन् । । नयाँ-नयाँ फोन नम्बरबाट फोन आएको आएको थियो । त्यसैगरी १०.४२ र १०.४६ मा ९८४३८१३९५७ बाट अजितको फोनमा फोन आएको थियो । भाई हरायो त्यसपछि हामीले खोज्न थाल्यौं । जतातत्तै फोन गर्‍यौं । पछि ठुलो आमालाई फोन गरेर सोधेको ८ बजे तिर नयाँ नम्बरबाट फोन आयो भाईले “अत्तालिँदै ठूलमम्मी” मात्र भन्यो । पछि त्यहीँ नम्बरमा फोन गर्दा गीतहरू सुनाइराएको थियो । पछि मैले त्यसै नम्बरमा फोन गर्दा के के बोल्थ्यो, जथाभावि बोल्थ्यो, मैले केही भनेन । राति १० बजे म बजार गएर सबै ठाँउ खोज्दा पनि भेटिएन । पछि १ गते बेलुका फेसबुकमा अर्के भाइले फोटो देखेपछि रुँदै रुँदै आएर भनेपछि सबैलाई थाहा भयो । त्यसपछि हामीले प्रहरीलाई हाम्रो लास हो, रोकाउनु न भन्दा पछि त लास गाडिसकेको रहेछ ।

लास पनि धेरै कम गाडेको थियो । मुख कालो भएको थियो । कतै पोष्टमार्टम गरेको थिएन । जिब्रो टोकेको र कालो दाग थियो । प्रहरीले क्षतविक्षत छ पाँच फिट गाडेको छ भनेको थियो । तर, त्यस्तो थिएन । लास पनि त्यस्तो धेरै गन्हाएको थिएन । बरु हामीले नै गाडिमा लैजाँदा गन्हाउला भनेर फिनेल छर्केको हो ।"

**सरिता मिजार, मृतकको भाउजु नाता पर्ने: "**दिउँसो दुई बजे तिर यता हिडिरहनुभएको थियो । मैले बाबु कता हिँडेको भनें । टाढै हो भाउजु भन्नुभयो । अनि मैले कहाँ हो टाढा भनेपछि मेरो कुरा नसुने झै हिड्नु भयो । अरू बेला पनि यसरी बोल्नु हुन्छ । मेरो घर बाटोमै पर्छ म बहिर निस्केकी थिएँ ।"

**कान्छाराम तामाङ, अजितको साथी : "**२९ गते बिहान साढे ११ बजेतिर । मैले के भयो भनेर सोधें, उसले अघि नै वकिल बनेर फोन गरेको, पाँच वर्ष जेल सजाए हुन सक्छ भनेर धम्कायो । अनि मैले केटीको मान्छेले "ब्ल्याकमेल" गरेको हुन सक्छ भनें । त्यसपछि फरी फोन आयो के गरेर बसीरा बाबु ? भनेर भन्यो । उस्ले "बाबु हामीले कल्पनालाई तिमीले विहे गरीसक्यो भनेर भनिसकेका छौं । तिमले हामी सबै परिवारको अगाडि मैले विहे गरें भन्देउ हैं" भन्यो । पछि अजितले हस् भन्यो । त्यसपछि केटी भएकै ठाँउमा गएर फोन गर्‍यो, "म विदेश जान लागेको तिम्रो हुन सक्दिन" भनेपछि केटीले "तिमीले यसो गर्नु थियो भने किन लग्यौ ?" भनेपछि अजितले फोन नै काटीदियो । पछि अजित रुदैं थियो । म बजार गएको थिएँ । फोन गरें उठाएन् । हाम्रो भेट हुने सल्लाह थियो । उनी हराई सकेका थिए । मेरो एकदम मिल्ने साथी हो । मसँग सबै कुरा सेयर गर्थ्यो । उसको दुई वर्ष जति भयो लभ परेको । केटीले विहे गरौं भनेर नै अजितलाई बल गरेको हो । मलाई दुई हप्ता भित्रै भगाएर लैजाउ भन्थ्यो । पछि अजितले पनि के गरौं ? पछि उनीहरू स्कुल जाने भन्दै भागेर विहेगरेर भक्तपुर गएका हुन् ।"

## ७. काभ्रेस्थित दलित अधिकारकर्मी तथा प्रत्यक्षदर्शीहरूको भनाइ

**स्थानीय (नाम परिवर्तन), होक्से, ७, काभ्रे: "**भोलिपल्ट छोरीलाई छुटाएर घर नल्याई उतैबाट काठमाण्डौं पठाएका हुन् रे । पहिले त बस किनेर हिड्ने, बसको साहु हुन्, अहिले करोडको कुरा गर्छ । एउटा छोरा कृषिबाट पैसा लिएर जापान पठाएको छ, अर्को सानो भर्खर बाख्रा चराएर फर्कंदै छ । दुई छोरी र दुई छोरा हुन् । जेठो छोरीको विहे गरीदिएका हुन् कता भैसेपाटी तिर भन्छन्, थाहा छैन् । उसकै दाई माइला गएको थियो, उसलाई थाहा होला । केटीको बाउ २९ गतेदेखि हराएको आज बल्ल देखिएको हो । केटालाई मारेजस्तो हल्ला छ, अर्कै तिरको केटाहरू लगाएर मारेजस्तो छ । सबै भन्दा यसको दिदी चैं खराब छ । पहिले चाहीं मन्डन गाविसमा विहे गरेर दिएको बसेन् त्यसपछि वकिलले लगेको हो । बाउ आफू पनि काठको व्यापार गरेर हिँडिरहेको थियो ।"

**स्थानीय (नाम परिवर्तन) होक्से, ७, काभ्रे: "**हामी यताबाट कतै गएको पनि छैन । हामीलाई केही थाहा पनि छैन । बच्चाहरूले मोवाइल हेरेर यस्तो भएको रहेछ भनेर थाहा पाएको हो । गाँउमा केही हल्ला पनि छैन । यसै बाटो पढ्न जान्थी, राम्रै थियो, हामीले त अहिले यस्तो भयो भनेर पो थाहा भयो । उसको कान्छी दिदी काठमाण्डौं तिर बस्छ, के गर्छ थाहा छैन । ६ महिनाको एक

चोटी आउछ । हामी कान्छी नै भन्छौ खासै नाउँ थाहा भएन । कान्छीको साइली दिदीको छोरी प्रहरीमा छन् भन्ने सुनेका छौं कता हुनुहुन्छ थाहा छैन ।”

**स्थानीय (नाम परिवर्तन):** “ध्रुव पराजुली एकदमै फटाहा मान्छे हो । यसले गाउँकै ठुले खत्रीकी छोरीलाई बलात्कार गरेको थियो । माओवादी जनयुद्ध कालमा माओवादी बनेर यिनीहरूले लुटपाट नै मच्चाएका थिए । अपराधी प्रवृत्तिका मान्छेहुन् यिनीहरू । डनहरू लगाएर यिनीहरूले यो घटना गराएका हुन् ।”

**केशबप्रसाद काफ्ले, नेपाली शिक्षक, सर्वमंगल उच्च मावि: “**अजित एकदमै कम बोल्ने विद्यार्थी हो । अरूसँग झगडा गर्ने बानीको होइन् । मैले पढाउने कक्षामा नभए पनि स्कुलमा हेर्दा राम्रै हो । अहिले ऊ म्यानेजम्यान्ट पढ्न पाउने गरी “सि प्लस” ल्याएर पास भएको छ । हाम्रो स्कुलमा अन्तरजातिय विवाह भएको धेरै छन् । यस्तो अप्रिय घटना भएको पहिलो हो । हामीले स्कुलमै विवाह गरीदिएका छौं । धेरैका सफल पनि भएका छन् । यो स्थीति हुनु मानव सभ्यताको लागि कंलङ्क नै हो । मैले केटीलाई शिक्षा विषय बढाएको थिएँ । अजित व्यवस्थापन पढ्थ्यो, कल्पना शिक्षा पढ्थी । केटी पनि राम्रै हो, लगनशिल थिइ ।”

**उद्धव अधिकारी, नेपाली शिक्षक, सर्वमंगल उच्च मावि:**“पढाई सामान्य हो, स्कुलमा केही पनि थाहा थिएन् । विद्यार्थीबीचको सम्वन्धको बारेमा हामीले घट्ना भएपछि मात्रै थाहा भयो । हामी त यो घटनाले अचम्ममा परेका छौं । अजित २८ गते कलेज गएको थियो । कल्पना एस.एल.सी पछि कहिल्यै आएको छैन् । कलेजमा उनीहरूका साथीहरू आइरहेका छन् ।अहिले आएर थाहा पाउदा कारण यस्तो रहेछ । मैले कल्पनालाई पढाइएको पनि हुँ, कल्पना पढाइमा राम्रै थिई । अहिले सम्म मैले केही पनि उसको बारेमा नराम्रो थाहा पाएको छैन । एकदमै अनुसासन भएका विद्यार्थी थिए उनीहरू । विद्यालयमा जातभातका कुरा हुँदैन् हामी सबै सँगै बसेर खान्छौं, त्यस्तो केही हुदैन् । गाउँको परिवेश र विद्यालयको परिवेश फरक छ । संस्कार हजारौं वर्षदेखि जरा गाडेकाले यसको अन्त्यका लागि अझै परिवर्तन हुनु बाँकी नै छ ।”

**६.घटना हुनुभन्दा अगाडी र घटना पश्चात विभिन्न व्यक्तीहरुले प्रयोग गरेका फोन नंम्वरको को विवरण :**

| | **मृतक तथा अन्य व्यक्तीहरुको फोन नम्बर** | |
|---|---|---|
| **क.सं.** | **नाम** | **फोन नम्बर** |
| १. | मृतक अजित (ढकाल) मिजार | ९८१८६३४०५१ |
| २. | कल्पना पराजुली | ९८२३२७६६३६ |
| ३. | सम्झना पराजुली | ९८१८३११२९३, ९८४३८१३९५७, ९८०३३९८७९६ |

| | | |
|---|---|---|
| ४. | वकिल बनेर कुरा गर्ने व्यक्ती | ९८१३७२७६५१ |
| ५. | केटीको ठूली आमा | ९८१३९८९४३६ |
| ६. | मृतकको दाई अजित ढकाल मिजार | ९८१०२२८८३१ |

| मृतक अजित ढकाल मिजार को फोनमा आएको फोन नम्वरहरु | | | | |
|---|---|---|---|---|
| **क.सं.** | **फोन नम्वर** | **मिती** | **समय** | **कुरा भएको समय अवधि** |
| १. | ९८०८९७२७२६ | २०७३/०३/०२९ | ०८:४१ विहान<br>०८:४१ विहान<br>०९:०१ विहान<br>१२:१९ दिउसो<br>१२:२२ दिउसो<br>१२:२३ दिउसो<br>१२:२४ दिउसो | ००.०४ सेकेन्ड<br>०४.०९ सेकेन्ड<br>०६.५५ सेकेन्ड<br>००.०२ सेन्केन्ड<br>०१.१६ सेन्केन्ड<br>००.३८ सेन्केन्ड<br>००.४२ सेन्केन्ड |
| २. | ९८४३८१३९५७ | २०७३/०३/०२९ | १०:४२ विहान<br>१०:४६ विहान | ००.४३ सेन्केन्ड<br>०४.३२ सेन्केन्ड |
| ३. | ९८१८६३४२८५( कल्पना) | २०७३/०४/०४ | ०२:१० दिउसो<br>०२:११ दिउसो | ००.४० सेन्केन्ड<br>००.३३ सेन्केन्ड |
| **मृतकको ठूली आमाको फोनमा आएको फोन नम्वर** | | | | |
| १. | ९८०३८९२०५४ | २०७३/०३/०२९ | ०८.०० बेलुका | करीव एक मिनेट |
| **मृतकको दाईको फोनमा आएको फोन नम्वर** | | | | |
| १. | ९८१०९३३७४८ | २०७३/०४/०२ | ०२.५३ दिउसो | ००.०० सेकेन्ड (हांसेको) |
| **कल्पना पराजुलीको फोनमा आएको फोन नम्वर** | | | | |
| १. | ९८१३७२७६५१ | २०७३/०४/०६ | ०९.१२ वेलुका<br>०९.२० वेलुका<br>०९.२१ वेलुका<br>०९.२७ वेलुका<br>०९.३१ वेलुका | ०१.२३ सेकेन्ड<br>००.०७ सेकेन्ड<br>०२.११ सेकेन्ड<br>०१.११ सेकेन्ड<br>०१.४८ सेकेन्ड |

## ७. घटनाको विस्तृत विवरण

मिति २०७३ साल आषाढ २५ गतेका दिन कल्पना पराजुली र अजित ढकाल (मिजार) ले प्रेम विवाह गरी भक्तपुरस्थित दिदी सम्झना पुर्कोटीको घरमा लुकी बसेका थिए । केटी पक्षका आफन्तले २६ गतेका दिन “छोरी हराएको कारण देखाई” काभ्रेपलान्चोक जिल्ला पाँचखाल नगरपालिका स्थित प्रहरी कार्यालयमा खोजतलासको निवेदन दिएको थियो । उक्त निवेदन अनुसार प्रहरी कार्यालय लगायत केटी पक्षका आफन्तहरूले केटा पक्षका बाबु आमालाई विवाहित दम्पत्तीलाई उपस्थित गराउन दबाव दिएको कारण अन्य छिमेकीहरू समेतको सहयोगमा उनीहरु मिति २०७३ साल आषाढ २६ गतेका दिन काभ्रेपलान्चोक जिल्ला पाँचखाल नगरपालिका ६ स्थित केटाको घरमा फर्कि आएका थिए । उक्त दिन घरमा दुबैजना सँगै बसी भोलिपल्ट विहान मिति २०७३ साल आषाढ २७ गतेका दिन विवाहित दम्पत्तीलगायत दुवै पक्षका आफन्तहरू खोजतलासको निवेदन दर्ता भएको काभ्रेपलान्चोक जिल्ला पाँचखाल नगरपालिका वडा नं. ६ स्थित प्रहरी कार्यालयमा उपस्थित भएका  थिए । उक्त प्रहरी कार्यालयमा उपस्थित भएपछि प्रहरीको रोहबरमा दुवै पक्षका व्यक्तिहरू बीच छलफल  हुँदा विवाहित दम्पत्तीको उमेर कम भएका कारण तत्काल कानून अनुसारको वैधानिक विवाह गर्न नमिल्ने कारण देखाउदै केटा र केटी आ–आफ्ना अभिभावकले जिम्मा लिने गरी सहमती भएको थियो । तत्पश्चात केटा पक्षको अविभावकले आफ्नो छोरालाई घरमा लिएर आएको र केटीलाई निजका आफन्तहरूले काठमाण्डौ जिल्ला चावहिल स्थित केटीको फूपुको घरमा जवर्जस्ती लिएर गएका थिए ।

केटाकेटीलाई छुट्याइसके पश्चात पनि केटालगायत उसको आमा समेतलाई फरक-फरक फोन नम्वर मार्फत् केटीको दिदीलगायत अन्य अपरिचित व्यक्तिहरूले फोन गरी केटालाई विभिन्न तरिकाले धम्क्याई मानसिक रूपमा यातना दिएको, केटीसँग झुटा कुरा बोल्न बाध्य पारेको तथा भनेको नमानेमा केटाको ज्यानै सम्म लिने लगायतका धाक धम्कीहरू निरन्तर रूपमा दिँदै आएका थिए । उक्त कार्यबाट केटा लगायत निजका अविभावक तथा आफन्तहरूलाई डर तथा भय उत्पन्न भई मानसिकरूपमा निकै यातना पैदा भएको थियो । यसैक्रममा केटी (कल्पना पराजुली) ले केटा ( मृतक अजित मिजार) लाई मिति २०७३ आषाढ २८ गते फोन गरी आफूलाई जवर्जस्ती थुनेर राखेको र अवसर पाउने वित्तिकै भागेर आउने भन्दै नआत्तिन जानकारी गराएकी थिइन् ।  जसको कारण अजित मिजार तथा निजको परिवारमा आसा तथा खुशी छाएको थियो ।

मिति २०७३ साल आषाढ २९ गतेका दिन मृतक अजित मिजार कक्षा ११ को अध्ययन गर्ने विषयमा बुझ्नको लागि काभ्रेपलान्चोक जिल्ला पाँचखाल नगरपालिका वडा नं. २ स्थित सर्वमङ्ला उच्च माध्यमिक विद्यालय मा गएको र करिब ११ बजेसम्म निजका मिल्ने साथी कान्छा राम तामाङ्गसँग भेटघाट गरी मृतक अजित ढकाल (मिजार) आफ्नो घर आएका थिए । उक्त समयमा केटीको दिदी सम्झना कार्कीले मृतक अजित मिजारलाई ९८०८९७२७२२६ नम्वरबाट पटक-पटक फोन गरेकी थिइन् ।

मिति २०७३ साल अषााढ २९ गते करिव १:३० बजे तिर मृतक अजित मिजारले घर छोडेको देखिन्छ । आमासँग मोबाइलको रिचार्ज कार्ड किन्न भनेर १०० रूपैयाँ मागेका थिए अजितले । त्यसमा पनि ५० रूपैयाँ काकाकी छोरी (बहिनी)लाई दिएर निस्केका थिए । साँझसम्म पनि छोरा

घरमा नआएको र  आफन्तहरूसँग बुझ्दा समेत अजित ढकाल (मिजार) को कुनै अत्तोपत्तो लागेको थिएन । यसैक्रममा सोही दिन राति करिव ८ बजेतिर निकै तनाव तथा अत्तालिएको अवस्थामा अजितले ठूलीआमालाई फोन सम्पर्क गरेका थिए । निज ठूली आमाले  उसको स्वर सुनेतापनि रामोसँग कुरा नहुंदै अपरिचित व्यक्तिले फोन खोसेर गीत सुनाईदिएको व्यहोरा मृतकको घरमा जानकारी गराइदिएकोमा पुन उक्त नम्बरमा फोन डायल गर्दा उताबाट अरूले नै गीत सुनाउने र अश्लिल कुरा बोल्ने गरेको कुरा मृतकका दाजु दिपेन्द्र ढकाल (मिजार) ले बताएका थिए । तत्पश्चात अजित ढकाल (मिजार) को विषयमा कही कतै बाट कुनै सूचना तथा जानाकारी आएको थिएन । यसरी छोरा हराएपछि निजका परिवारले पाँचखाल स्थित नजिकको प्रहरी कार्यलयमा खोजतलासको लागि निवेदन दिएकोमा उक्त निवेदन प्रहरी कार्यालयले दर्ता गर्न मानेन्  ।

मिति २०७३ साल श्रावण १ गतेका दिन करिव विहान सात बजेतिर काभ्रेपलान्चोक जिल्ला पाँचखाल स्थित मासुपसलको व्यवसाय गर्ने कमल तामाङ्ग मार्फत “मेचीकाली डट कम” भन्ने वेवसाइडमा मान्छे झुण्डिएको फोटो आएको भन्ने कुरा थाहा पाई उक्त फोटो हेर्दा मृतक अजित ( ढकाल) मिजारको नै भएको कुरा एकिन गरी मृतकका परिवारले घटना भएको जिल्ला, धादिङ्गको गजुरी स्थित प्रहरी कार्यलयलाई जानकारी गराई उक्त लास बुझ्न मृतकका अविभावक आफन्तहरू लगायत केही छिमेकीहरू समेतको समूह घटनास्थल धादिङ्ग गजुरी पुगेको थियो ।

मृतकका आफन्तहरूले मृतकको लास धादिङ्ग जिल्ला कुम्पुर गा.वि.स. वडा नं ३, परेवाटारमा झुण्डिएको अवस्थामा मिति २०७३ साल आषाढ ३० गते करिव विहान ६ बजेतिर फेला परेको, उक्त मितिमा नै लासको  पोस्टमार्टम गरिएको, धादिङ्ग जिल्लाको गजुरीस्थित सरकारी स्वास्थ्य कार्यलयको पोस्टमार्टम रिपोर्टले मृत्युको कारण आत्मा हत्या नै भएको उल्लेख गरेको र मिति २०७३ साल अषाढ ३० गते देखि मिति २०७३ साल श्रावण १ गते सम्म पनि लासको सनाखत हुन नसकी लास अत्यधिक मात्रमा गन्हाउन थालेपछि सम्बन्धित गा.वि.स. को अनुमती लिई लासलाई गाडिसकेको व्यहोरा प्रहरी कार्यलयमार्फत् जानकारी पाएका थिए । मृतकका आफन्तहरूले लासलाई आफ्नो संस्कारअनुसार दाहसंस्कार गर्न पाउनुपर्ने माग गर्दै प्रहरी कार्यलयको अनुमतीमा मिति २०७३ श्रावण १ गते दिउँसो गाडिएको लासलाई पुन बाहिर निकालिएको थियो ।

गाडिएको लास बाहिर निकाल्दा प्रहरीले भने बमोजिम पोस्टमार्टम गर्दा लासलाई कहीं कतै चिरफार नगरेको भेटिएपछि प्रहरीमाथि नै शंका उब्जिएकोले उक्त लासलाई काठमाण्डौ जिल्लास्थित टिचिङ हस्पिटलमा ल्याईएको थियो । मृतकका आफन्तहरूलगायत विभिन्न मानवअधिकारकर्मीहरूको अनुरोधमा उक्त लासलाई पुन पोस्टमार्टम गरिएको थियो । उक्त पोस्टमार्टमको अन्तिम रिपोर्ट आउन बांकी छ ।

हाल नेपाल सरकार गृह मन्त्रालयको सचिवको निर्देशनमा धादिङ्ग जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा तीन सदस्यीय छानविन समिति गठन भएको छ । घटनाका विरुद्ध केटी पक्षका व्यक्तिहरू माथि किटानी जाहेरी दर्ता भएको छ । हाल सम्म कुनै पनि व्यक्तिहरू प्रहरीले पक्राउ गरेको छैन । उक्त नवगठित छानविन समिति द्वारा घटनाको शुक्ष्म ढङगले

अध्ययन/अनुसन्धान भईरहेको छ । उक्त घटना विभिन्न सामाजिक संजाल लगायत "मलेखु धादिङ्ग डट कम" समेतमा प्रकासित भएको थियो ।

**८. स्थलगत भ्रमणका क्रममा भेटिएका तथ्यहरू :**

- विगत २ बर्षदेखि अजित मिजार र कल्पना पराजुली बीच प्रेम सम्बन्ध भई आएको ।
- मिति २०७३ साल असार २५ गतेका दिन अजित मिजार र कल्पना पराजुलीले प्रेम विवाह गरेको ।
- मिति २०७३ साल असार २७ गते उमेर नपुगेको तथा जातीय आधारमा समेत विवाहित जाडीलाई छुटाई आ–आफ्नो अविभावकलाई जिम्मा लगाएको ।
- मिति २०७३ साल श्रावण २७ गते प्रहरीमा मिलापत्र हुँदा र मिलापत्र भइसकेपश्चात पनि केटा तथा निजका आफन्तहरूलाई केटी पक्षका व्यक्तिहरू विशेषत केटीकी दिदी र कान्छी फुपुले विभिन्न प्रकारले ज्यानै मार्नेसम्मको धाक धम्कीहरू दिने काम गरेको ।
- मिति २०७३ साल श्रावण २९ गते दिनको १ बजेतिर मृतक अजित मिजार कसैलाई केही नभनी घरबाट हिडेको । मृतक घरबाट निस्कँदा निजको साथमा जम्मा रु. ५० मात्र भएको ।
- मिति २०७३ साल असार २९ गते करिव ८ बजे राति मृतकले निकै तनाव तथा अत्तालिएको अवस्थामा आफ्नो ठूली आमालाई "ठूलीआमा" भन्दै फोन गरेको र उक्त नम्बरमा पुनः फोन डायल गर्दा उताबाट अरूले नै गीत सुनाउने र अश्लिल कुरा बोलेर गाली गरेको ।
- मिति २०७३ साल असार ३० गते विहान ६ बजेतिर धादिङ कम्पुर ३ स्थित काठको प्रतीक्षालयमा स्थानीय महिला इन्द्रकुमारी उपाध्यायले दुध बेच्न जाने क्रममा झुण्डिएको अवस्थामा लास देखेपछि प्रहरीलाई खवर गरेको ।
- झुण्डिएर आत्महत्या गरेको भनिएको लासको खुट्टा भुँईमा लत्रिएको । घाँटीमा प्रयोग गरिएको डोरी त्रिपालको छेउँको भागको भएको र उक्त डोरी पनि लत्रेको अबस्थामा रहेको र घाँटीको गाँठो पनि राम्रोसँग नकस्सिएको ।
- वारदत (घटना भएका ठाँउ) स्थान र प्रहरीहरूले चौविसै घण्टा डयुटी गर्ने (पिकेट) स्थान नजिकै भएको, घटना भएको ठाउँलाई प्रहरीले समेत दिउँसोको समयमा प्रयोग गर्ने गरेको, तर उक्त घटना हुँदा प्रहरीको ध्यान नपुगेको देखिदा घटना अझै शंकास्पद भएको ।
- ईलाका प्रहरी कार्यालय गजुरीमा उक्त वारदात भएको रात डयुटीमा रहेको प्रहरीको नाम सोध्दा स्पष्टसँग खुलाउन नचाहेको र डयुटी कितावको अभिलेखमा टिपेक्स लगाएको देखिएकाले उक्त रात ड्युटीमा कुन प्रहरी रहेको थिए भन्ने कुरा स्पष्ट खुल्न नसकेको ।
- घटनाको खवर पाएपछि धादिङ्ग जिल्ला गजुरीस्थित ईलाका प्रहरी कार्यालयबाट प्रहरीको भ्यान आई लासलाई ट्याक्टरमा राखेर धादिङ्ग जिल्ला गजुरीस्थित गजुरी प्राथमिक स्वास्थ्य केन्द्र, धादिङमा मृतकको पोस्टमार्टम गरिएको ।

- डा. अमृता श्रेष्ठले गरेको पोस्टमार्टम रिपोर्ट अनुसार धादिङ्ग जिल्ला गजुरीस्थित गजुरी प्राथमिक स्वास्थ्य केन्द्र, धादिङले मृत्युको कारण झुण्डिएर भएको हो भन्ने रिपोर्ट दिएको ।
- मिति २०७३ साल श्रावण १ गते सम्बन्धित गा.वि.स.को अनुमतीमा लासलाई गाड्ने काम गरिएको । तर, लास गाडिनु अगावै मृतकका आफन्तले प्रहरीलाई लास लिन आउँदै गरेको खबर गरे ता पनि लास गाडिसकिएको ।
- लास गाडिएको गजुरी गाविसका गाविस सचिवलाई घटनाबारे कुनै लिखित जानकारी नभएको । प्रहरी र गाविस सचिवको राय बाझिएको ।
- प्रहरीले लासको सनाखत गर्नुभन्दा पनि लास गाड्ने कार्यमा सक्रियता देखाएको ।
- मिति २०७३ साल श्रावण १ गते राति मृतकका आफन्तहरू लास बुझ्नलाई धादिङ्ग जिल्ला गजुरीस्थित प्रहरी कार्यालयमा पुगेको ।
- बेवारिसे लास भएकोमा सम्बन्धित पक्षको जानकरीको लागि प्रहरी कार्यालय मार्फत् यथेष्ठ मात्रमा सूचना प्रवाह गरेको नदेखिएको । सार्वजनिक रूपमा बेवारिसे लासको सूचना नटाँसिएको ।
- मिति २०७३ श्रावण २ गते मृतकका आफन्तहरूले लासलाई आफ्नो संस्कार अनुसार दाहसंस्कार गर्न पाउनुपर्ने माग गर्दै प्रहरी कार्यालयको अनुमतीमा गाडिएको लासलाई पुनः बाहिर निकालेको ।
- प्रहरीले भने बमोजिम मृतकको पोस्टमार्टम गर्दा लासलाई कहीं कतै चिरफार नगरेको भेटिएपछि पोष्टमार्टम रिपोर्टमाथि नै शंका उब्जिएकोले उक्त लासलाई काठमाण्डौ जिल्ला स्थित टिचिङ हस्पिटलमा पुन पोस्टमार्टम गर्न ल्याईएको र उक्त पोस्टमार्टमको अन्तिम रिपोर्ट आउन बाँकी रहेको ।
- केटीलाई हाल उनका अभिभावकले चावहिल स्थित फुपुको घरमा राखिएको । उनको मानसिक अवस्था विचलित रहेको अभिभावकद्वारा जानकारी गराइएको ।
- केटीको घरतर्फका छिमेकीहरू घटनाको विषयमा खुलेर बोल्न नचाहेको । केटीको बुवा मिति २०७३ आषाढ २९ देखि ६ गतेसम्म गाउँमा नदेखिएको ।
- घटनाका विरुद्ध केटी पक्षका व्यक्तिहरू माथि गजुरी ईलाका प्रहरी कार्यालय गजुरीमा किटानी जाहेरी दर्ता भएको । किटानी जाहेरी दर्ता भएतापनि हालसम्म कुनै व्यक्तिहरू पक्राउ नपरेको ।
- हाल नेपाल सरकार गृह मन्त्रालयको सचिवको निर्देशनमा धादिङ्ग जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारी लिलाधर अधिकारीको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालय धादिङ्गका प्रहरी उपरिक्षक (डीएसपी) दिपेन्द्र पंजियार थारु र जिल्ला अनुसन्धान कार्यालयका प्रहरी उपरिक्षक (डीएसपी)नवीन कार्की सहीत तीन सदस्यीय उच्च स्तरीय छानविन समिति गठन गरेको ।
- उक्त छानविन समितिले अनुसन्धानको कार्य प्रारम्भ गरेको ।

## ९. घटनासँग आकर्षित कानूनहरू

- नेपालको संविधान २०७२ ले प्रत्याभुत गरेको सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६), स्वतन्त्रताको हक (धारा १७), समानताको हक (धारा १८) र छुवाछूत तथा भेदभाव विरुद्धको हक (धारा २४) को हनन् भएको देखिन्छ ।
- सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तराष्ट्रिय महासन्धि ई.सं. १९६५ को धारा १ अनुसार राजनीतिक, आर्थिक सामाजिक, साँस्कृतिक वा सार्वजनिक जीवनका वा अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहार, निषेध वा कमजोर गर्ने उद्देश्यले जाति, वर्ण, वंश वा राष्ट्रिय जातीय उन्पत्तीका आधारमा गरीने कुनै पनि भेदभाव, वहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनु पर्छ भनिएको र धारा २ ले पक्षराष्ट्रहरूले जातीय विभेदको निन्दा गर्दछन् र कुनै पनि रूपले जातीय विभेद उन्मूलन गर्ने तथा सबै जातिहरूबीच समझदारी अभिवृद्धि गर्ने नीति अपनाउन सम्पूर्ण समूचित उपायहरू अविलम्ब अपनाउने कुराको प्रतिज्ञा गर्नुपर्ने व्यवस्था गरिएकोमा सो को विरुद्ध घटना भएको देखिन्छ ।
- जातीय भेदभाव तथा छुवाछुत(कसूर र सजाय) ऐन, वि.स. २०६८ को दफा ३( १र २), ४( २)(क) र ४(७) समेतको व्यवस्थाहरू कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन नहुने, कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा यस दफा बमोजिमको कुनै काम गरे वा गराएमा जातीय भेदभाव तथा छुवाछूत गर्न नपाईने, कसैले प्रचलित कानून बमोजिम उमेर पुगेका वर-वधुवाट मञ्जूर भएको अन्तरजातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई जात, जाति, वंश वा समुदायका आधारमा रोक लगाउन नपाउनेसम्बन्धी व्यवस्थाको विरुद्ध घटना भएको देखिन्छ ।
- नागरिक अधिकार ऐन वि.स. २०१२ को दफा ३ अनुसार प्रचलित नेपाल कानुनको अधीनमा रही कानुनको अगाडि समानता र कानुनको समान संरक्षणबाट कुनै पनि नागरीकलाई ईन्कार नगरीने हकको हनन् भएको देखिन्छ ।
- मुलुकी ऐन ज्यानसम्बन्धी महलको दफा १ अनुसार कानुन बमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नाको उद्योग गर्न हुँदैन भन्ने व्यवस्था विरुद्धको कार्य भएको देखिन्छ ।

## १०. निष्कर्ष

घटनाको प्रकृति हेर्दा झुण्डिएर आत्महत्या गरेको भनिएको लासको खुट्टा भुँईमा लत्रिएको, घाँटीमा प्रयोग गरिएको डोरी त्रिपालको छेउँको भागको भएको र उक्त डोरी पनि लत्रेको अवस्थामा रहेको र घाँटीको गाँठो पनि राम्रोसँग नकसिएको, डोरी कानमुनिबाट माथि कस्सिएको, घटना भएको स्थान तर्फ मृतक कहिले पनि नगएको, मृतकको घर र घटनास्थलको दूरी करिब १५० किलोमिटरभन्दा धेरै भएको तर मृतक घरबाट निस्कदा निजको साथमा जम्मा रु. ५० मात्र भएको देखिन्छ ।

मिति २०७३ आषाढ २७ गते प्रहरीमा मिलापत्र हुँदा र मिलापत्र भईसके पश्चात पनि केटा तथा निजका आफन्तहरूलाई केटी पक्षका व्यक्तिहरूले विभिन्न प्रकारले ज्यानै मार्ने सम्मको धाक-धम्कीहरू दिने काम भएको, मिति २०७३ साल आषाढ २९ गते राति मृतकले करिव ८ बजे राति निकै तनाव तथा अत्तालिएको अवस्थामा ठूली आमालाई फोन गरेको (आत्तिएर ठूलीआमा ! ठूलीआमा ! भनेको ) त्यतिकैमा फोन खोसेर गित वजाईदिएको र फोन काटिएको देखिन्छ । उक्त नम्बरमा पुन सम्पर्क गर्दा उताबाट अरूले नै गीत सुनाउने र फोहर कुरा बोलेर गाली गरेको आधार/प्रमाणबाट उक्त घटना सङकास्पद भएको बुझिन्छ ।

माथि उल्लेखित आधारहरू, घटनाको प्रकृति, प्रत्यक्षदर्शीहरूको भनाइ, आफन्तहरूको भनाइ तथा घटनाको पृष्टभूमि हेर्दा उक्त घटना आत्महत्या नभई नियोजित हत्या गरिएको देखिन्छ । उक्त घटनालाई आत्महत्याको रूपमा वारदात कायम गराउने परिपञ्च स्वरूप अन्य ठाउँमा हत्या गरी मृतकको लासलाई धादिङ्ग जिल्ला कुम्पुर गा.वि.स. वडा नं ३, परेवाटार स्थित ठाँटीमा झुण्डाईएको देखिन्छ । घटनाको जरिया अन्तजार्तिय विवाह देखिन्छ । जातीय विभेद तथा छुवाछूतकै कारण उक्त विवाह अस्विकार्य भई हत्या भएको देखिन्छ ।

## ११.सुझाव

(क) घटना सूनियोजित तरिकाले षडयन्त्रमूलक ढङगबाट भएकोले गहन तरिकाले घटनाको अनुसन्धान गर्नुपर्ने देखिन्छ । सो कार्यको लागि नेपाल सरकारले दलित समुदायको समेत प्रतिनिधित्व हुने गरी राष्ट्रिय स्तरमा सर्वाधिकार सम्पन्न छानविन समिति तुरुन्त गठन गरिनुपर्दछ ।

(ख) हत्यामा संलग्न व्यक्तिहरू र हत्याका मतियारलाई हदै सम्मको कानूनी कारवाही गरिनुपर्दछ ।

(ग) उक्त घटना जातीय भेदभाव तथा छुवाछूतबाट अभिप्रेरित भई स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकार, आत्म-सम्मान, मानवीय मर्यादा, अविभेद, न्याय र समानता जस्ता मानवअधिकारका मुलभूत सिद्वान्त विपरित घटाईएको हुनाले राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग लगायत मानवअधिकारका क्षेत्रमा कार्य गर्ने सबै सङघ संस्थाहरू समेत संवेदनशिल भई निपष्क्ष छानविन तथा कडा भन्दा कडा कानूनी कारवाहीका लागि संयुक्त रूपमा पहल गरिनुपर्दछ ।

(घ) घटनालाई फितलो ढङगले अनुसन्धान गर्ने प्रहरीलाई तुरुन्त विभागीय कारवाही गरिनुपर्दछ ।

(ङ) मृतकको परिवार तथा उक्त घटनालाई प्रत्यक्ष देख्ने साक्षी, सर्जमिनका व्यक्तिहरू, मौकामा कागज गर्ने व्यक्तिहरूको जिउ ज्यानका सुरक्षाको ग्यारेन्टी गरिनुपर्दछ ।

(च) घटनामा संलग्न हुन सक्ने आशंका गरिएका व्यक्तिहरूलाई निगरानीमा राखी भाग्न उम्कनबाट तुरुन्त रोकियोस् ।

(छ) नेपाल सरकारले मृतकका परिवारलाई उचित क्षतीपूर्तीको व्यवस्था गर्नुपर्दछ ।

(ज) भविश्यमा यस्ता प्रकारका घटनाहरू दोहोरिन नदिनको लागि नेपाल सरकारले रणनीतिक योजना तथा कार्यक्रम सहित “अन्तरजातीय विवाह” गरेका जोडिहरूको जिउ-धनको सुरक्षाका लागि विशेष पहल गरिनुपर्छ ।

(झ) अन्तरजातीय विवाहको मुद्दामा विद्यमान कानुनी व्यवस्थामा पुनरावलोकन गर्नका लागि तत्काल पहल गरिनुपर्छ ।

**प्रतिवेदकहरुको नाम**

.................

अधिवक्ता प्रकाश नेपाली

(समता फाउण्डेशन)

..............

गोपाल नेपाली

(समता फाउण्डेशन)

.................

शिवहरि ज्ञवाली,

(जागरण मिडिया सेन्टर )

...............

गीता अर्याल

(नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ)

.............

मैया रोकाया

(दलित महिला संघ)

**अनुसूचि :**


JCB

